डिम्याट खाता (DEMAT Account) को बार्षिक संचालन शुल्क बुझाउने बारे अत्यन्त जरुरी सूचना

यस हिमालयन क्यापिटल लिमिटेड तथा हिमालयन बैंक लिमिटेडका शाखा कार्यालयहरु मार्फत डिम्याट खाता **(DEMAT Account)** खोली धितोपत्र कारोबार गरिरहनु भएका हितग्राहीधनीहरुलाई धितोपत्र केन्द्रिय निक्षेप सेवा विनियमावली, २०६८ मा भएको व्यवस्था बमोजिम यस आर्थिक वर्ष २०७९/८० सम्मको बार्षिक सेवा शुल्क बापत बुझाउनु पर्ने रकम यही २०८० साल अषाढ मसान्त भित्र भुक्तानी गर्न सुचित गरिन्छ ।

भुक्तानी गर्ने सम्बन्धि आवश्यक विवरणहरु

बुझाउन पर्ने शुल्क	एक आर्थिक वर्षको नेरु. १०० |- का दरले ।
खाता भएको बैंकको नाम	हिमालयन बैंक लिमिटेड, ठमेल, काठमाडौँ ।
बैंकमा रहेको खाताको नाम	**Himalayan Capital Limited – Renewal**
बैंक खाता नम्बर	**01907683140208**
शुल्क बुझाउन सकिने स्थान	हिमालयन क्यापिटल लिमिटेड, हिमालयन बैंक लिमिटेडका सबै शाखा कार्यालयहरु साथै बिधुतिय माध्यमहरुबाट ।
रकम जम्मा गर्दा Deposit Voucher मा उल्लेखित गर्नुपर्ने विवरणहरु	सम्बन्धित हितग्राहीको पुरा नाम, हितग्राही खाता नम्बर तथा हितग्राहीको मोबाईल नम्बर ।

Demat तथा Mero Share खाताको नविकरण शुल्क मेरो शेयरको प्रोफाइल मार्फत तथा विधुतिय भुक्तानी सेवाप्रदायक Esewa, Khalti, Connect IPS, IME Pay हरु मार्फत र Mobile Banking एपलिकेशन मार्फत समेत भुक्तानी गर्न सकिने व्यहोरा यसै सुचनाबाट जानकारी गराईन्छ ।

Mero Share सेवा लिइरहनु भएका हितग्राही महानुभावहरुले सो सेवा पनि संचालनमा आएको र पछिल्लो चोटि नविकरण गरिएको मितिले एक बर्षको अवधिभित्र नविकरण गरिसक्नु पर्ने र सो समयावधिभित्र नविकरण नभएमा उक्त सेवा स्वतः बन्द हुने व्यवस्था भएको हुँदा, डिम्याट खाता **(Demat Account)** को नविकरण गर्ने समयमा नै **Mero Share** नविकरणको सेवा शुल्क तिरी नविकरण गर्न सक्नुहुने व्यहोरा जानकारी गराईन्छ ।

साथै हिमालयन बैंक लिमिटेडका खाताधारकहरुले बैंक डेविट अख्तियारीको फारम पेश गरेको आधारमा संचालन शुल्क स्वत डेविट हने र उक्त फारम बुझाउन बाँकी हितग्राहीधनीहरुले हिमालयन क्यापिटल लिमिटेडको वेबसाईट **himalayancapital.com/download/debitauthorityforbankaccount** को माध्यम बाट डाउनलोड गरि **dprenewal@himalayancapital.com** मा इमेल गरेर स्वत नविकरण हुने सेवाको सदुपयोग गर्नुहुन अनुरोध गरिन्छ ।

नोटः उल्लेखित मितिभित्र डिम्याट खाता (Demat Account) को बार्षिक संचालन शुल्क बुझाउन असमर्थ रहेको खण्डमा त्यस्ता खाताहरु स्वत निष्क्रिय भई धितोपत्र कारोबारमा असहजता हुने हुँदा समयमै भुक्तानी गर्नुहुन अनुरोध गरिन्छ ।

हिमालयन क्यापिटल लि.
Himalayan Capital
A Wholly Owned Subsidiary of Himalayan Bank Limited

ठमेल, काठमाडौँ
०१-५३५८३४५, ०१-५३६३१४७
www.himalayancapital.com
info@himalayancapital.com